# नगर सभाको चौधौं अधिवेशनका प्रस्तावहरु

प्रस्ताव नं. १ : मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८० , विनियोजन विधेयक, २०८० र बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २ : नगर सभाको तेह्रौं अधिवेशन पश्चात कार्यपालिका वैठकबाट गरिएका निर्णयहरुको अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ३ : खर्च अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट पेश भएका बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा।

प्रस्ताव नं. ५ : विभिन्न समितिहरुबाट नगर सभामा पेश भएका प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : मध्यमकालिन खर्च संरचना २०८०/०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : पञ्चवर्षिय आवधिक योजना स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९: श्रोत सूनिश्चितता सम्बन्धमा ।

प्रस्ताव नं. १०: शोक प्रस्ताव पारित सम्बन्धमा ।

प्रस्ताव नं. ११: पुरातात्विक मन्दिर निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १२: पहिरो संरक्षण सम्बन्धमा ।

प्रस्ताव नं. १३: बागमती प्रदेश सरकार र संघीय सरकारमा पेश गर्ने योजना सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## नगर सभाको चौधौं अधिवेशनका निर्णयहरु (२०८० असार ९ गते)

निर्णय नं. १ : नगर कार्यपालिकाबाट सिफारिस भई नगर सभाको १४ औं अधिवेशनमा पेश भएका देहाय बमोजिमका अनुसूचीमा उल्लिखित विधेयक, बजेट, नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

### तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८०

२. मेलम्ची नगरपालिकाको विनियोजन विधेयक, २०८०

३. आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशन पश्चात नगर सभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाको विभिन्न मितिमा भएका वैठकहरु तथा नगरपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुबाट विभिन्न शिर्षकहरुमा गरिएको बजेट विनियोजन, रकमान्तर, योजना संशोधन लगायतका विषयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाको नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतस्तरको एकल निर्णयबाट भएका सम्पूर्ण खर्चहरु, नगरपालिकामा स्थापना गरिएका विभिन्न कोषहरुबाट भएका सम्पूर्ण खर्चहरु तथा कार्य प्रकृति र छिटो माध्यमबाट कार्य गर्नुपर्ने अवस्थामा कोटेशनबाट हालसम्म भएका र यस आ.व. को अन्त्यसम्म हुने चालु तथा पूँजीगत तर्फका सम्पूर्ण खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका भित्र संचालित अनुसूचीमा उल्लिखित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट पेश भएको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाको नगर सभाको चौधौं अधिवेशनमा विभिन्न समितिहरुबाट पेश हुन आएको अनुसूची उल्लिखित प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : नगर कार्यपालिकाको वैठक नबसेको अवस्थामा आकस्मिक रुपमा गर्नुपर्ने कार्यहरु संचालन गर्नको लागि त्यसपछि बस्ने कार्यपालिका वैठकबाट अनुमोदन गर्ने गरी नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी काम कारवाही अगाडि बढाउनको लागि अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको मध्यमकालिन खर्च संरचना २०७९/०८०– ०८१/०८२ स्वीकृतिको लागि कार्यपालिका वैठकबाट सिफारिस भई आएको हुँदा उक्त मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ८ : मेलम्ची नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना २०७९/०८० – २०८४/०८५ स्वीकृतिको लागि कार्यपालिका वैठकबाट सिफारिस भई आएको हुँदा उक्त आवधिक योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : आ.व. २०८०/०८१ को लागि अनुसूचीमा उल्लिखित करारका कर्मचारीहरुको लागि श्रोत सूनिश्चतता गर्ने निर्णय गरियो । साथै, उक्त पदहरुमा कार्यबोझ र कार्यप्रकृतिको आधारमा नेपाल सरकारको करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि बमोजिम करार सेवाका कर्मचारीहरुको म्याद थप तथा करार सेवामा नयाँ कर्मचारी पदपूर्ति गर्ने अख्तियरी कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : सिन्धुपाल्चोक जिल्लाका सामाजिक व्यक्तित्व एवं नेपाली कांग्रेसका नेता विकास लामाको मिति २०८० असार ८ गते राती भएको असामयिक निधनप्रति हार्दिक समवेदना एवं मृतआत्माको चिर शान्तिको कामना सहित शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गोल्मा राजारानी मन्दिर पुरातात्विक मन्दिरको रुपमा रहेको र उक्त मन्दिरको पुनर्निर्माण पश्चात धार्मिक पर्यटकहरुको आवागमनमा वृद्धि हुने भएको र मन्दिर निर्माण गर्नको लागि DPR समेत तयार भएको हुँदा उक्त मन्दिर निर्माण गर्नको लागि संघीय सरकार, प्रदेश सरकार र मातहतका निकायहमा बजेट व्यवस्थाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका वडा नं. १ र २ को सीमा क्षेत्रमा मिति २०७९ सालमा गएको भिषण पहिरोबाट काउलेदोभान भोटेचौर सडक अवरुद्ध भई उक्त क्षेत्रको बस्ती समेत जोखिममा परेको र हाल अस्थायी रुपमा सडक संचालन गरिएको हुँदा उक्त पहिरो तथा बस्ती संरक्षणको लागि संघीय सरकार, प्रदेश सरकार र मातहतका निकायहरुमा बजेट व्यवस्थाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका र अन्तर्गतका वडाहरुबाट सिफारिस भई आएका अनुसूचीमा उल्लिखित योजनाहरु निर्माण गर्नको लागि बजेट व्यवस्था गर्न संघीय सरकार, बागमती प्रदेश सरकार तथा मातहतका निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल